नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था
THE INSTITUTE OF CHARTERED ACCOUNTANTS OF NEPAL
(Established under the Nepal Chartered Accountants Act, 1997)

च. नं.
Ref. No.

# सूचक संस्थाहरुलाई अत्यन्त जरुरी सूचना !

यस संस्थाको परिषदको मिति २०७८/०९/०४ को निर्णय बमोजिम सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी निर्देशिका, २०७८ जारी गरिएको व्यहोरा सर्वविदितै छ । उक्त निर्देशिकाको दफा १३ मा "सूचक संस्थाले निर्देशिकाको दफा २(ङ) बमोजिमको पेशागत सेवा प्रदान गरेको ग्राहकको जानकारी नियमनकारी संस्थाले व्यवस्था गरेबमोजिम UDIN मा प्रविष्टी गर्नुपर्नेछ र सो व्यवस्था नभएसम्मको लागि **अनुसूची १** बमोजिमको ढाँचामा वार्षिक रुपमा प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्रमा संस्थामा उपलब्ध गराउनुपर्नेछ ।" भन्ने व्यवस्था रहेको छ । उक्त दफामा उल्लेख भए बमोजिम संस्थाले हाल त्यस्तो सूचना UDIN मा प्रविष्टी गर्न सक्ने व्यवस्था गरीनसकेको अवस्थामा हाललाई आ.व. २०७८/७९ मा निर्देशिकाको दफा २(ङ) बमोजिमको पेशागत सेवा प्रदान गरेको ग्राहकको जानकारी संलग्न बमोजिमको ढाँचामा २०७९/०६/३१ भित्र संस्थामा उपलब्ध गराउनुहुन सम्बन्धित सूचक संस्थाहरुलाई जानकारी गराईन्छ ।

निर्देशिकाको दफा २(ङ) मा भएको व्यवस्था निम्नानुसार रहेको छ ।

२(ङ) "सूचक संस्था" भन्नाले ऐनको दफा २ को खण्ड (ढ) को उपखण्ड (४) मा उल्लेख भए बमोजिम आफ्नो ग्राहकको तर्फबाट देहायको कार्य गर्दा वा सोको तयारी गर्दा सोमा संलग्न हुँदाका बखतको लेखापरीक्षक वा लेखाव्यवसायीलाई सम्झनु पर्दछ ।

(क) घरजग्गा खरीद बिक्री,
(ख) ग्राहकको रकम, धितोपत्र वा अन्य सम्पत्तिको व्यवस्थापन,
(ग) बैंक, बचत तथा धितोपत्र सम्बन्धी कार्यको व्यवस्थापन,
(घ) कानूनी व्यक्तिको संस्थापना गर्दा वा सञ्चालन गर्दाका बखत गरिएको योगदान तथा लगानीको व्यवस्थापन,
(ङ) कानूनी व्यक्ति वा कानूनी प्रबन्धको सृजना, संस्थापना, दर्ता, सञ्चालन वा व्यवस्थापन, वा
(च) कुनै व्यावसायिक संस्थाको खरीद वा बिक्री ।

21/09/2022

ICAN Marg, Satdobato, Lalitpur, Nepal, Tel: 0977-1-5530832, 5530730, Fax: 0977-1-5550774
Post Box No.: 5289, E-mail: ican@ntc.np, Website: www.ican.org.np
**Branch Offices:**
Biratnagar: Tel: 977-021-474395, E-mail: icanbrt@ican.org.np | Butwal : Tel: 977-071-543629, E-mail: icanbtl@ican.org.np
Birgunj : Tel: 977-051-522660, E-mail: icanbrj@ican.org.np | Pokhara: Tel: -977-061-587679, E-mail: icanpkr@ican.org.np
Nepalgunj : Tel: 977-081-530050, E-mail: icannpj@ican.org.np | Dhangadhi : 977-091-527493, Email: icandhg@ican.org.np

**संलग्नः सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी निर्देशिका २०७८ को अनुसूची १(दफा १३(१) सम्बन्धी) ।**

| सि.नं. | सेवाग्राहीको नाम, ठेगाना | सेवाको प्रकृति ( निर्देशिकाको दफा २(ङ) बमोजिम) | सेवा प्रदान गरेको मिति/अवधि | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

**सूचक संस्थाको आधिकारिक व्यक्तिको:**

नाम:

दस्तखत :

पद :

छाप :

मोबाइल नं.:

ईमेल ठेगाना :

फ्याक्स :

मिति :

**सूचक संस्थाको कार्यान्वयन अधिकारी व्यक्तिको:**

नाम:

दस्ताखत:

पद:

मोवाईल नं.:

ईमेल ठेगाना :

21/09/2022

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था
२०५३